लिखु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
डुँडे, नुवाकोट
बागमती प्रदेश, नेपाल

प.स २०८०/०८१
च.न

मिति:२०८०/१०/०४

श्री सम्बन्धित सबै,

## विषयः पूर्व सिकाई मान्यता विधिबाट सिप परीक्षण सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा बागमती प्रदेश सरकार सामजिक विकास मन्त्रालयको चलानी नं ६६०/२०८०/०८१ मिति २०८०/१०/०३ को पत्राअनुसार नेपाल सरकार र स्वीस सरकार बिचको द्धिपक्षिय सम्झौता अनुसार सञ्चालित नेपाल व्यवसायिक योग्यता प्रणाली परियोजनाको सहयोगमा सामाजिक विकास मन्त्रालय बागमती प्रदेशले प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद, बागमती प्रदेश कार्यालय मार्फत नि-शुल्क (रजिष्ट्रेशन शुल्क बाहेक) रुपमा पूर्व सिकाईको मान्यता (Recognition of prior Learning - RPL) विधिद्धारा भौचर प्रणाली आधारित सिप परीक्षणमा सहभागी हुन चाहने स्वदेश वा वैदेशिक रोजगारको अनुभव प्राप्त नेपाली नागरिकहरुबाट आफूलाई पायक पर्ने तपशिलको सिप परीक्षण केन्द्रहरु मध्ये कुनै एक केन्द्रमा आवेदन फाराम पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि बागमती प्रदेश CTEVT को वेबसाइट https://ctevtbagmati.org.np/info center/notice details/307 र सामाजिक विकास मन्त्रालयको वेबसाइट https://mosd.bagmati.gov.np/noticedetail/232/2024/71899402 बाट पनि प्राप्त गर्न सकिन्छ ।

थप जानकारीको लागि लिखु गाउँपालिकाको रोजगार सेवा केन्द्रमा सम्पर्क गर्नुहुन ।

शेर सिंह रावत
प्रमुख प्रशासकीय अधिकृत

इमेल:likhu.nuwakot@gmail.com, info@likhumunnuwakot.gov.npवेबसाइट: likhumunnuwakot.gov.np

"समृद्ध लिखुको आधार कृषि, शिक्षा र पुर्वाधार"

(Notice no: NSTB/NVQS/MOSD-Bagmati-01)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT)
बागमती प्रदेश, हेटौंडा, मकवानपुर

# सीप परीक्षणको आवेदन आह्वान सम्बन्धी सूचना

सूचना प्रकाशित मिति २०८०/०९/२५

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, राष्ट्रिय सीप परीक्षण समिति (National Skill Testing Board- NSTB) बाट स्वीकृत राष्ट्रिय व्यवसायगत सीप प्रमाणिका अनुसार बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालय/नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजनाको तर्फबाट, सहुलियत शुल्कमा सञ्चालन हुने पूर्व सिकाईको मान्यता (Recognition of Prior Learning-RPL) विधिद्वारा भौचर प्रणालीमा आधारित सीप परीक्षणमा सहभागी हुन चाहने स्वदेश वा वैदेशिक रोजगारको अनुभव प्रास नेपाली नागरिकहरूबाट आफूलाई पायक पर्ने तपसिल बमोजिमका सीप परीक्षण केन्द्रहरु मध्ये कुनै एक केन्द्रमा आवेदन फाराम पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपसिल:</u>

क) <u>फाराम सङ्कलन केन्द्र, परीक्षण हुने व्यवसाय र तह:</u>

| क्र. स. | आवेदन फाराम सङ्कलन/ सीप परीक्षण केन्द्रहरू | सम्पर्क न. | व्यवसाय | तह |
|---|---|---|---|---|
| १. | CTEVT प्रदेश कार्यालय र सामाजिक विकास मन्त्रालय, हेटौंडा, मकवानपुर | ०५७-५२४९९१, ९८५५०३४९९१, ९८६७९१३९७५, ०५७-५९०५२६, ०५७-५९००१७ | गार्मेन्ट फेब्रिकेटर | १ |
| २. | नेपाल पोलिटेक्निक इन्स्टिच्यूट, भरतपुर, ओरालो, चितवन | ०५६-४२१२६१, ९८५५०६०७६९ | कन्स्ट्रक्सन मेसन | २ |
| | | | प्लम्बर | २ |
| | | | सेल मोबाइल फोन टेक्निसियन | २ |
| | | | गार्मेन्ट फेब्रिकेटर | १ |
| ३. | पनौती प्राविधिक शिक्षालय, पनौती, काभ्रेपलान्चोक | ९८५१२१४२५०, ०१-४४०२५०, ४४१३६९ | मोटरसाइकल मेकानिक | २ |
| ४. | नेपाल भारत पोलिटेक्निक इन्स्टिच्यूट, हेटौंडा, मकवानपुर | ९८५५०४२८३३ | वेल्डर | २ |
| ५. | हाम्रो प्रशिक्षण सेवा तालिम केन्द्र जेभि सुर्यमणी प्राविधिक शिक्षालय, हेटौंडा, मकवानपुर | ०५७-५२४८५१, ०५७-५२४८५२, ९८५५०६७४२९ | कम्प्युटर हार्डवेयर एण्ड नेटवर्क टेक्निसियन | २ |
| | | | कन्स्ट्रक्सन मेसन | २ |
| | | | प्लम्बर | २ |
| | | | बिल्डिंग पेन्टर | २ |
| ६. | बालाजु स्कूल अफ इन्जीनियरिङ्ग एण्ड टेक्नोलोजी, बालाजु, काठमाडौं | ०१-४३५०२१४, ९८५१३४५७९७ | कन्स्ट्रक्सन मेसन | २ |
| | | | प्लम्बर | २ |
| | | | रेफ्रिजेरेटर एण्ड एयरकन्डिसन मेकानिक | २ |

CTEVT Bagmati Province

ख) आवेदनको लागि न्यूनतम योग्यता:

| | |
|---|---|
| तह १ को लागि | सम्बन्धित व्यवसायको ज्ञान र सीप भई सम्बन्धित पेशामा कम्तीमा १ वर्षको कार्य अनुभव भएको, |
| तह २ को लागि | सम्बन्धित व्यवसायको ज्ञान र सीप भई सम्बन्धित पेशामा कम्तीमा ३ वर्षको कार्य अनुभव भएको<br>वा<br>सम्बन्धित व्यवसायमा तह १ को सीप परीक्षण उत्तीर्ण भई सम्बन्धित पेशा मा १ वर्षको कार्य अनुभव भएको, |

ग) आवेदन तथा रजिस्ट्रेसन शुल्कः रु.२७० (आवेदकले व्यहोर्ने)

घ) सीप परीक्षणमा सहभागीले आवेदन फाराम भर्दा पालना गर्नु पर्ने शर्तहरू:

१) यस सूचना तथा आवेदन फाराम सामाजिक विकास मन्त्रालय बागमती प्रदेशको वेबसाइट https://mosd.bagamati.gov.np तथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) बागमती प्रदेशको वेभसाइट https://ctevtbagmati.org.np बाट डाउनलोड गर्न तथा तोकिएको केन्द्रहरूबाट प्राप्त गर्न सकिनेछ ।

२) आवेदन फाराम तोकिएको केन्द्रमा मिति २०८०।१०।२५ गते भित्र बुझाउनु पर्नेछ । आवेदन फाराम बुझाउने अन्तिम दिन बिदा परेमा सो को भोलि पल्ट सम्म बुझाउन सकिनेछ।

३) आवेदन फारामको साथ पासपोर्ट साइजको हालसालै खिचिएको एकै किसिमको फोटो २ प्रति, नागरिकता प्रमाण पत्रको प्रतिलिपि र अनुभवको प्रमाणपत्र (अनुभवको प्रमाणपत्रको हकमा नेपाल सरकार, वा अर्ध सरकारी संस्था वा नेपाल सरकारमा दर्ता VAT/PAN नम्बर प्राप्त निजी रोजगारदाता संस्था/उद्योग/व्यवसायीले सम्बन्धित पेशा /व्यवसायमा काम गरेको वा गरिरहेको स्पष्ट खुलाइएको अवधि सहितको प्रमाणपत्र वा पत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ । अनुभव १६ वर्ष उमेर पछिको मात्र मान्य हुनेछ ।

४) स्थानीय स्तरमा स्वरोजगार भई कार्य अनुभव भएका व्यक्तिले अनुभवको प्रमाणपत्रको हकमा आफू कार्यरत वडा कार्यालयको सिफारिस पत्र पेश गर्न सक्नेछन् ।

५) वैदेशिक रोजगारबाट फर्केका व्यक्तिले आवेदन फाराम भर्दा सीप परीक्षण गर्नुपर्ने पेशाको विदेशमा गरेको कामको अनुभव पत्र (अङ्ग्रेजीमा अनुवादित गरिएको प्रति), पासपोर्ट र भिसाको प्रतिलिपी अनिवार्य पेश गर्नु पर्नेछ ।

६) तोकिएको समयभित्र दर्ता नभएका र रित नपुगेका आवेदन फारामहरू स्वतः रद्द हुनेछन् ।

७) परामर्श सेवा तथा सीप परीक्षणको जानकारी SMS बाट समेत जानकारी गराइने छ । सीप परीक्षण आवेदन भरेकै केन्द्रबाट सहभागी आफै उपस्थित भई सीप परीक्षणको अघिल्लो दिन भित्र प्रवेश पत्र प्राप्त गर्न सकिनेछ । सम्पर्क मितिको भोलिपल्ट देखि नै सीप परीक्षण सञ्चालन हुन सक्नेछ ।

८) परामर्शकर्ताको सिफारिस अनुसार सीप परीक्षणका लागि तयार भएका आवेदकले मात्र भौचर (सीप परीक्षणमा लाग्ने सामाग्री तथा अन्य खर्च) प्राप्त गरी सीप परीक्षणमा सामेल हुन पाउने छन् ।

९) यस भन्दा पहिले सीप परीक्षणमा सहभागी भएका परीक्षार्थीहरूले पहिले सीप परीक्षणमा सहभागी हुँदाको रजिष्ट्रेशन नं. अनिवार्य रूपमा उल्लेख गर्नु पर्नेछ । यसरी दोहोर्‍याएर सीप परीक्षण दिनेहरूले आवेदन फारामको माथि पुनः परीक्षण भन्ने कोठामा चिन्ह लगाउनु पर्ने छ ।

CTEVT Bagmati Province

१०) आवेदकले कुनै एक तह वा पेशामा मात्र आवेदन दिन पाउने छन् ।

११) तहगत राष्ट्रिय व्यवसायगत सीप प्रमाणिका (NOSS) मा भएका दक्षताका इकाईहरू मध्ये परीक्षार्थीले उत्तीर्ण गरेको दक्षताको इकाईको प्रमाण पत्र प्राप्त गर्न सक्नेछन् ।

१२) सीप परीक्षण आवेदन फाराम सङ्कलन केन्द्रले आवेदन सङ्कलन गर्दा आवश्यक कागजात पुगेको रुजु गरी (आवेदन फाराम भर्ने अन्तिम मितिबाट पाँच दिन भित्र Online System बन्द हुने भएकाले) उक्त अवधि भित्र अनलाइन फाराम इन्ट्री गरी परिषद् प्रदेश कार्यालयबाट अन्तिम रुजु भई सके पछि इन्ट्री वापत प्रति फाराम रु. ७०।– का दरले कट्टा गरी बाँकी रकम जम्मा गर्ने केन्द्रको नाम र आवेदन संख्या स्पष्ट खुलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् बागमती प्रदेशको नाममा रहेको राष्ट्रिय बाणिज्य बैक लि., शाखा कार्यालय हेटौडा च. हि. खाता नं. १३००१००००३६६८००१ मा रकम जम्मा गरी सक्कल भौचर स्क्यान कपि अपलोड गर्नु पर्नेछ ।

१३) यस सूचनामा उल्लेखित पेशा व्यवसायको सीप परीक्षण सम्बन्धित प्रमाणिकृत वा तोकिएको सीप परीक्षण केन्द्रमा सञ्चालन हुनेछ ।

थप जानकारीको लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् बागमती प्रदेशको सम्पर्क नम्बर ०५७-५२४९९१, ९८५५०३४९९१, ९८६७९९३९७५ तथा नेपाल व्यावसायिक योग्यता प्रणाली, प्रदेश परियोजना सहयोग इकाईको सम्पर्क नम्बर ०५७-५९०५२६, ०५७-५९००१७ मा सम्पर्क गर्न सकिने छ ।

निर्देशक

CTEVT Bagmati Province

☐ पुन: परीक्षणको लागि

सि.नं ......

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# राष्ट्रिय सीप परीक्षण समिति

## सीप परीक्षणको लागि दरखास्त फारम

कार्यालय प्रयोजनको लागी

| | | | | |
|---|---|---|---|---|
| पंजीकरण संख्या / (Reg.No) | | पंजीकरण मिति / (Reg.Date) | | फोटो |
| सीप क्रमाङ्क / (Skill Symbol No) | | परीक्षण किसिम | नियमित / प्रायोजित | |

श्रीमान् सदस्य सचिवज्यू,

त्यस समितिबाट मिति......................मा लिइने सीप परीक्षणमा सम्मिलित हुन मेरो नागरिकता, परीक्षण दिने व्यवसाय सम्बन्धी तालीम / अनुभवको प्रमाणित प्रतिलिपिहरु र दुई प्रति फोटो संलग्न गरी परीक्षण दस्तुर बुझाई निम्न विवरण सहित निवेदन पेश गरेको छु । नियमानुसार परीक्षणमा सहभागी हुन पाउं ।

व्यवसाय ................................................................ तह: .......... परीक्षण केन्द्र:..............................................

१. निवेदकको पुरा नाम थर :

२. अंग्रेजी ठूलो अक्षरमा नाम थर :

जन्म मिति: (विक्रम सम्वतमा) २०.................. साल .......... महिना ........... गते (इस्वी सन्मा) २०............साल .......... महिना ..........गते

लिङ्ग: पुरुष / महिला / अन्य **जातिगत समुह:** दलित ☐ जनजाती ☐ अन्य ☐ **नागरिकता:** प्रमाणपत्र नं.: जारी जिल्ला:............................ मिति:...................

३. बाबुको पुरा नाम, थर: **देवनागरीमा**

बाबुको पुरा नाम, थर: **अंग्रेजी ठूलो अक्षरमा**

**४. निवेदकको स्थायी ठेगाना:**

नेपालीमा: गा.पा. / न.पा. / महा.न.पा...........................................वडा.........ब्लक नं..............जिल्ला..............................अंचल..........................

अंग्रेजीमा: RM/N/M..........................................Ward No............ Block No........... ........District.................................Zone...............................

५. **पत्राचार गर्ने ठेगाना:** गा.पा / न.पा. / महा.न.पा................................वडा.......ब्लक नं........जिल्ला............................अंचल..................फोन ...................

**६. व्यवसाय सम्बन्धी विवरण:**

| सम्वन्धित व्यवसायमा तालिम लिएको अवधि | सम्बन्धित व्यवसायमा काम गरेको अवधि | बैदेशिक रोजगारबाट फर्केको भए |
|---|---|---|
| संस्थाको नाम:<br>वर्ष ......... महिना:...........(.......... घण्टा) | संस्थाको नाम:<br>वर्ष ............... महिना: ................ | देश र संस्थाको नाम:<br>पासपोर्ट नं.:<br>काम गरेको वर्ष .............. महिना: ............... |

७. सीप परीक्षणमा सामेल हुंदा रोजगारको अवस्था: छ ( ), छैन ( ) भएमा क) स्वरोजगार ख) स्वदेशी रोजगार ग) वैदेशिक रोजगार

८. यस अधि सीप परीक्षण दिएको छ ( ), छैन ( ), दिएको भए व्यवसाय.................................................................................................... तह...............

परीक्षण मिति...................... केन्द्र............................................................................ उत्तिर्ण भएको भए : सैद्धान्तिक ( ) प्रयोगात्मक ( )

पंजीकरण संख्या...........................................सीप क्रमाङ्क...........................................

९. यदि वैदेशिक रोजगारीमा जाने इच्छा भएमा जाने मुलुकको नाम : ......................................................

१०. उल्लेखित विवरण वेबपेजमा राख्न मेरो पूर्ण मन्जूरी रहने छ ।

११. उल्लेखित सबै विवरण ठीक साँचो हो, झुठा भएमा नियम बमोजिम सहुँला बुझाउँला ।

..............................
मिति

..............................
निवेदक

| | | |
|---|---|---|
| सीप परीक्षण दस्तुर रु.: ..............<br>रसिद नं:.................<br>मिति:.................. | • उल्लेखित लेखिएको विवरण रुजु गरी हेर्दा निवेदक परीक्षण दिन योग्य / अयोग्य देखिएकोले निजको दरखास्त फाराम स्वीकृत / अस्वीकृत लागि सिफारिश गर्दछु ।<br>• फाराम अस्वीकृत भए कारण:.............................................................. | |
| ..........................<br>लेखा शाखा | ..............................<br>सीप परीक्षण अधिकृत | ..........................<br>सदस्य सचिव<br>रा.सी.प. समिति |